# आर्थिक वर्ष २०७८/७९ को
# वार्षिक कार्यक्रम तथा बजेट

घोडघोडी नगरपालिकाको कार्यालय

सुख्खड, कैलाली

**यस तेह्रौ नगरसभाका सभाध्यक्ष ज्यु,**
**जिल्ला समन्वय समितिका सदस्य मालती वि. क. ज्यु,**
**सभामा उपस्थित सभाका सदस्य ज्युहरु,**
**पत्रकार मित्रहरु र उपस्थित सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु ।**

यस घोडाघोडी नगरपालिकाको गरिमामय सभामा आर्थिक वर्ष २०७८।०७९ को विनियोजन विद्येयक र आर्थिक विद्येयक पेश गर्न पाउदा गौरम्भित भएकी छु ।

यस नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को बार्षिक बजेट तर्जुमा गर्दा स्थानीय तहले योजना तर्जुमा गर्दा अवलम्बन गर्ने प्रक्रिया वर्तमान विषम परिस्थितिका कारण पूर्ण रुपमा पालना गर्न नसकिए तापनि नगरबासीका मागहरुलाई स्रोत र साधनले भ्याए सम्म समेट्ने प्रयत्न गरिएको छ । योजना तर्जुमा गर्दा नेपालको संविधान २०७२ को अनुसुची ८ मा व्यवस्था गरिएका स्थानीय तहको एकल अधिकार र अनुसुची ९ मा व्यवस्था गरिएका साझा अधिकार समेतलाई मध्यनजर गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्था सम्बन्धि आदेश २०७४, स्थानीय तहको योजना तर्जुमा सम्बन्धि दिग्दर्शन २०७४ र नगरकार्यपालिकाका विगतका निर्णयहरुबाट प्राप्त मार्गनिर्देशनलाई पुर्ण रुपमा पालना गर्दै बजेट तर्जुमा गरिएको छ ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ रोगको दोश्रो लहर कसरी नियन्त्रण गर्ने र आर्थिक गतिविधि कसरी सुचारु गर्ने भन्ने चुनौतीहरुको सामना गर्नु पर्ने यस कठिन परिस्थितीमा विद्येयकले अंगिकार गरेका सिद्धान्त र प्रथामिकताहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

विनियोजन विद्येयक २०७८ को सिद्धान्त प्राथमिकता तय गर्दा नेपालको संविधानले परिकल्पना गरेको लोक कल्याणकारी राज्यको अवधारणा, समाजबाद उन्मुख राष्ट्रिय अर्थतन्त्र, राज्यका निर्देशक नीति सिद्धान्त तथा दायित्व, नागरिकका मौलिक हक, प्रचलित कानुनलाई प्रमुख आधारको रुपमा लिएका छौ ।

चालु पन्ध्रौ योजनाले लिएका दिर्घकालिन सोच, लक्ष्यहरु र रणनीति, दिगो विकास लक्ष्य हासिल गर्ने राष्ट्रिय रणनीतिका साथै कोरोना महामारीका कारण सृजना भएका नयाँ चुनौतीहरु तर्फ विशेष ध्यान दिईएको छ ।

संविधान प्रदत्त नागरिकका मौलिक हक कार्यान्वयन गर्न तर्जुमा गरिएका कानुनहरुको नागरिकले अनुभूति गर्ने गरी लागू गर्न बजेट केन्द्रित हुनेछ । विकास, सुशासन र समृद्धिको यात्रामा हालसम्म हासिल भएका उपलब्धीहरुलाई संस्थागत गर्दै कोरोनाको माहामारीबाट नागरिकको जीवन रक्षा गर्न गुणस्तरीय एवम् सर्वसुलभ स्वास्थ्य सेवा सुनिश्चित गरी लोक कल्याणकारी राज्यको दायित्व निर्वाह गर्ने दृष्टिकोणबाट आगामी आर्थिक वर्षको बजेट तर्जुमा गरिएको छ ।

उत्पादनका साधनमा सबै नागरिकको पहुँच स्थापित गर्ने र लाभको न्यायोचित वितरण गर्ने प्रणालीको विकासमा बजेटले ध्यान दिएको छ । कोरोना रोगको रोकथाम, नियन्त्रण र उपचार एवम्

भविष्यमा आउन सक्ने यस प्रकारको महामारी विरुद्ध लड्न स्वास्थ्य प्रणालीलाई सवल र सुदृढ तुल्याइनेछ ।

सबै नागरिकलाई साक्षर बनाउने आधारभूत तथा माध्यमिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्दै माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई जोड दिइनेछ । संविधानमा राज्यका निर्देशक सिद्धान्त अर्न्तगत उल्लिखित सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति कार्यान्वयन गरिनेछ । भूमिहीन दलित, भुमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाई मौलिक हकले सुनिश्चित गरे अनुसार सबै नागरिकलाई आवासको हक सुनिश्चित गर्न भुमि समस्या समाधान आयोग मार्फत जमिन उपलब्ध गराउनुका साथै किसान, विपन्न, दलित तथा द्वन्दपिडितलाई रोजगारमुलक कार्यक्रम सञ्चालन गरिनेछ । नेपाली अर्थतन्त्रको भरपर्दो आधारको रुपमा रहेको कृषिमा टुटेको उत्पादन सम्बन्धलाई कोरोना महामारी पश्चात प्राप्त हुने सम्भावनालाई पुर्नस्थापित गर्ने अवसरको रुपमा लिदैं कृषि क्रान्तितर्फ साधन र स्रोत परिचालन गरिनेछ ।

**अध्यक्ष महोदय,**

ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक, पर्यटकीय तथा धार्मिक सम्पदाले भरिएको यस नगरपालिकामा हुने विकासको गतिले अरुलाई पनि लोभ्याउने र अनुकरण गर्ने स्थानको रुपमा कसरी बनाउन सकिन्छ भन्ने तर्फ हामी प्रेरित हुन आवश्यक छ । लोकतान्त्रिक मुल्य मान्यता, स्थानीय स्वायत्तता, सर्वसुलभ सेवा प्रवाह, विकासमा जनसहभागिता र जवाफदेहिता, उत्तरदायित्व तथा पारदर्शिता जस्ता सुशासनका आयामहरुको अवलम्बन गर्दै यस नगरपालिकाको समग्र विकासका प्रयासलाई निरन्तर अघि बढाउन सम्पुर्ण नागरिक समाज, राजनितिक दल, नीजि क्षेत्र, आम समाजसेवी तथा शिक्षक बुद्धिजीवी, सरकारी तथा गैह्र सरकारी निकाय एवं विकास प्रेमी सम्पुर्ण महानुभावहरुबाट आवश्यक सहयोग र सद्भाव प्राप्त हुने नै छ  भन्ने विश्वास लिईएकी छु ।

**अध्यक्ष महोदय,**

राजस्वका दरहरुमा राजस्व परामर्श समितिको सिफारिस तथा नगरकार्यपालिकाको बैठकको निर्णयको आधारमा कर, शुल्क तथा दस्तुरका दरहरु निर्धारण गरिएको छ । नगरबासीहरुको हित र सुविधाका लागी शहरी विकास, सामाजिक सुशासन एवं पुर्वाधार निर्माण तथा स्रोत परिचालन सम्बन्धमा केही अनुभुती योग्य कार्य गर्ने प्रयास गरेका छौं । नगरपालिका आफ्नो दैनिक प्रशासनिक तथा विकास निर्माणका कार्यहरुलाई अझ चुस्त दुरुस्त बनाउन र नगरबासी प्रतिको जवाफदेहिता वृद्धि गर्न सरोकारवालाहरुको जिज्ञासा, सुझाव र प्रतिक्रियाका लागी सधैं खुला रहेको छ । नगरपालिका प्रतिको गुनासो र सुझाव व्यवस्थापनका लागी गुनासो सुन्ने अधिकारीको व्यवस्था गरी प्राप्त सुझाव र गुनासाहरुको व्यवस्थापन गर्ने कार्य गरिएको छ ।

**अध्यक्ष महोदय,**

**बार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्दा लिईएका नीतिगत आधारहरु निम्नानुसार रहेका छन ।**

- नेपालको संविधान २०७२ को अनुसुची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु ।
- संघीय सरकारले अंगिकार गरेको १५ औं आवधिक योजनाले निर्धारण गरेका लक्ष्य, नीति तथा प्राथमिकताहरु ।
- दिगो विकासका लक्ष्यले निर्धारण गरेका सुचकहरु ।
- संघीय सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तिय नीतिहरु ।
- नेपाल सरकारबाट स्वीकृति संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरेको व्यवस्था ।
- संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग तथा बजेट तर्जुमा गर्दा लिनुपर्ने आधारहरु ।
- नगरपालिकाको आफ्नो आन्तरिक आयको प्रक्षेपण र खर्च नभई बाँकी रहेको रकम ।
- राजनीतिक दलका प्रतिनिधी ज्यु, समाजसेवी, शिक्षक, बुद्धिजीवि, पत्रकार लगायतका संघसंस्थाहरुबाट प्राप्त सुझावहरु ।
- आम नगरबासीको सहभागितामा सञ्चालित भेलाबाट प्राप्त सुझावहरु ।
- विगत वर्षहरुमा सम्पन्न भएका नगरसभाका बैठकहरुबाट भएका निर्णयहरु ।
- नगरकार्यपालिकाले योजना तर्जुमाका लागी निर्णय गरी तोकेका आधारहरु ।
- अनलाइन फर्म तथा इमेलबाट प्राप्त सुझावहरु ।

**अध्यक्ष महोदय,**

बजेट विनियोजन गर्दा कुल विकास बजेटको ४३.४२ प्रतिशत बजेट पुर्वाधार विकासमा छुट्टाइएको छ भने २६.४५ प्रतिशत बजेट प्रशासनिक व्यवस्थापनका लागी खर्च गर्ने व्यवस्था मिलाईएको छ । आर्थिक विकास तर्फ कुल विकास बजेटको ७.६६ प्रतिशत बजेट विनियोजन गरिएको छ भने समाजिक विकास तर्फ कुल विकास बजेटको १९.७१ प्रतिशत र बन , वातावरण तथा विपद व्यवस्थापनमा २.७६ प्रतिशत बजेट विनियोजन गरिएको छ । लक्षित वर्गलाई न्यायोचित रुपमा सम्बोधन होस भन्ने हेतुले आवश्यक बजेट विनियोजन गरी खर्च गर्ने व्यवस्था मिलाइएको छ ।

**अध्यक्ष महोदय,**

अव म आर्थिक वर्ष २०७८/०७९ को विनियोजन विधेयक प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

# नगरपालिका विनियोजन विधेयक, २०७८।०७९

सभाबाट स्वीकृत मितिः–२०७८।०३।१० गते

घोडाघोडी नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

सुखड, कैलाली

**घोडाघोडी नगरपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको** विधयक

**प्रस्तावना:**

घोडाघोडी नगरपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम नगर सभाले यो विधयक बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस विधयकको नाम **"घोडाघोडी नगरपालिकाको विनियोजन विधयक, २०७८"** रहेको छ।
(२) यो विधयक२०७८ श्रावण १ गते देखि प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०७८।०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

(१) आर्थिक वर्ष २०७८।०७९ को नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ८९,९९,३३,६७२/- (अक्षेरुपी रु. उनानब्बे करोड उनानसय लाख तेतिस हजार छ सय बहत्तर मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

**३. विनियोजन:**

(१) यस विधयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को निमित्त नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

# आन्तरिक आम्दानीको प्रशतावित अनुमान

| क्र स | शिषक | आ.व. २०७८।०७९ को प्रस्तावित | कैफियत |
|---|---|---|---|
| १ | **राजश्व** | | |
| २ | **आन्तरिक राजश्व** | | |
| ३ | ११९३१ - सम्पती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | १००० | |
| ४ | ११३१३ - एकीकृत सम्पती कर | ४००० | |
| ५ | ११३१४ - भुमिकर/मालपोत | ५००० | |
| ६ | ११३२१ - घरवहाल कर | १५०० | |
| ७ | ११३२२ - वहाल विटौरी कर | २००० | |
| ८ | ११४५१ - सवारी साधन कर (साना सवारी) | ५०० | |
| ९ | ११४७९ - अन्य मनोरञ्जन कर | ० | |
| १० | ११६११ - व्यवसायले भुक्तानी गर्ने | ० | |
| ११ | ११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५० | |
| १२ | ११६९१ - अन्य कर | ५० | |
| १३ | १४१५१ - सरकारी सम्पतीको वहालबाट प्राप्त आय | २० | |
| १४ | १४१५९ - अन्य स्रोतबाट प्राप्त रोयल्टी | २०००० | |
| १५ | १४१९१ - पर्यटन शुल्क | ९०० | |
| १६ | १४२११ - कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ५० | |
| १७ | १४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम | ० | |
| १८ | १४२२१ - न्यायिक दस्तूर | २० | |
| १९ | १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | ० | |
| २० | १४२२४ - परीक्षा शुल्क | १०० | |
| २१ | १४२२५ - यातायात क्षेत्रको आम्दानी | ५०० | |
| २२ | १४२४२ - नक्सापास दस्तुर | १५०० | |
| २३ | १४२४३ - सिफारिश दस्तुर | ५००० | |

| | | | |
|---|---|---|---|
| २४ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ३०० | |
| २५ | १४२४५ - नाता प्रमाणित दस्तुर | १०० | |
| २६ | १४२४९ - अन्य दस्तुर | १०० | |
| २७ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | १५०० | |
| २८ | १४२५४ - रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ० | |
| २९ | १४३११ - न्यायिक दण्ड, जरिवाना र जफत | १० | |
| ३० | १४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | |
| ३१ | १४६११ - व्यवसाय कर | ८०० | |
| ३२ | १५१११ - बेरूजू | ० | |
| ३३ | ३२१२२ - बैंक मौज्दात | ० | |
| | **आन्तरिक राजश्वको जम्मा अनुमानित रकम** | **४५०००** | |

# नगरपालिकाको अनुमानित कुल बजेट

| | | |
|---|---|---|
| **आन्तरिक राजश्वको जम्मा अनुमानित रकम** | **४५०००** | |
| | | |
| **राजश्व वाडफाँडबाट प्राप्त रकम** | | |
| संघिय सरकारबाट राजश्व वाडफाँड प्राप्ती | १४२४५२ | |
| प्रदेश सरकारबाट राजश्व वाडफाँड प्राप्ती (सवारि साधन कर) | ५११३ | |
| **राजश्व बापतको जम्मा आम्दानी** | **१४७५६५।००** | |
| | | |
| **वित्तिय समानीकरण अनुदान** | | |
| संघिय सरकारबाट प्राप्त समानीकरण अनुदान | १९६३०० | |
| प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान | १४५८८ | |
| **वित्तिय समानीकरण बापतको जम्मा आम्दानी** | **२१०८८८** | |
| | | |
| **विशेष अनुदान** | | |

| | | |
|---|---|---|
| संघिय सरकारबाट प्राप्त विशेष अनुदान | २३३०० | |
| प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान | ३००० | |
| **विशेष अनुदान बापतको जम्मा आम्दानी** | **२६३००** | |
| | | |
| **समपुरक अनुदान** | | |
| संघिय सरकारबाट प्राप्त समपुरक अनुदान | १३९०० | |
| प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान | ९४३६ | |
| **समपुरक अनुदान बापतको जम्मा आम्दानी** | **२३३३६** | |
| | | |
| **शशर्त अनुदान** | | |
| संघिय सरकारबाट प्राप्त शशर्त अनुदान | ३४६७०० | |
| प्रदेश सरकारबाट प्राप्त शशर्त अनुदान | ५११४ | |
| **विशेष अनुदान बापतको जम्मा आम्दानी** | **३५१८१४** | |
| | | |
| **अन्य अनुदान - पर्यटन मन्त्रालय** | **११५००** | |
| | | |
| **गतवर्षको अनुमानित नगद मौज्दात** | **३००००** | |
| **जम्मा प्रस्तावित बजेट** | **८४६४०३।००** | |
| अधुरा योजनाको भुक्तानी दिन बाकी | **५३५३०।६७** | |
| **कुल जम्मा प्रस्तावित बजेट** | **८९९९३३।६७** | |

# विषयगत क्षेत्र अनुसारको बजेट बाड्फाडको विवरण

| क्र.सं. | विषयक्षेत्रको नाम | रकम रु हजारमा |
|---|---|---|
| १ | नगरपालिकाको कार्यालयको वार्षिक चालु खर्च | ११०००० |
| २ | संघिय सरकारको समपुरक योजना ( वडा नं. १ को रिंग रोड ) | १३९०० |
| ३ | तराइ मधेश समृद्धि कार्यक्रम | २२५० |

| | | |
|---|---|---|
| ४ | कान्तिराज्यलक्ष्मी मावि पहलमानपुरको ठुला विद्यालय विकास कार्यक्रम ( प्रदेश साझेदारी कार्यक्रम ) | २००० |
| ५ | घोडाघोडी तालको वाटर गेट निर्माण | ७१०० |
| ६ | कोभिड १९ व्यवस्थापन को भुक्तानी दिन बाकी रकम | ६००० |
| ७ | नगरपालिकामा प्रप्त हुने विभिन्न योजनाका लागि म्याचिङ फोण्ड | २५००० |
| ८ | आकस्मिक भैपरी आउने कार्यक्रम | १०००० |
| ९ | विपद व्यवस्थापन | २००० |
| १० | स्वास्थ्य राहत कोष | १००० |
| ११ | भूमी व्यवस्था | ८००० |
| १२ | प्रधानमन्त्री रोजगार कार्यक्रम ( परिचालन कार्यक्रम ) | ५०० |
| १३ | आ.व. २०७७।०७८ मा कालोपत्रेका लागि वेस तयार भएका अधुरा सडक( वडा नं. १० को पहलमानपुर राजमार्गदेखी डिभिजन बन हुदै तुल्सीपुर, वडा नं. ०५ को डोकेबजार देखी देकलिया, वडा नं. ०४ को राजमार्ग देखी वडा कार्यालय हुदै माघि होमस्टे जाने वाटो, वडा नं. १ र ८ जोड्ने सुखड लठुवा सडक ) | २०००० |
| १४ | कृषि विकास कार्यक्रम | १२००० |
| १५ | पशु सेवा कार्यक्रम | ३००० |
| १६ | उद्योग विकास तथा औद्योगिक ग्राम व्यवस्थापन ) | १५०० |
| १७ | सहकारी | ५०० |
| १८ | पर्यटन | ५००० |
| १९ | शिक्षा | ३०००० |
| २० | स्वास्थ्य | ३०००० |
| २१ | महिला, एकल महिला, वालवालिका, दलित, जेष्ठ नागरिक, सीमान्तकृत, मुक्त कमैया, अपांगता भएका, जनजाती, मुक्त कमलरी, द्वन्द्वपिडितको क्षमता विकास कार्यक्रम | ३३०० |
| २२ | यूवा तथा खेलकुद | १००० |
| २३ | सेफ हाउस सञ्चालन तथा व्यवस्थापन | ५०० |
| २४ | वन तथा वातावरण संरक्षण, विकास तथा व्यवस्थापन ( पर्यापर्यटन तथा वन उद्यम विकास ) | १००० |
| २५ | न्यायीक समिति | २००० |
| २६ | सूचना तथा सञ्चार | ५००० |
| २७ | शव बहान खरिद | १५०० |

| | | |
|---|---|---|
| २८ | वडा कार्यालयमा घेरवार तथा व्यवस्थापन ( १,८,६,१०,९) | ६००० |
| २९ | चलचित्र विकास बोर्डको छायांकन स्थल निर्माण तथा कार्यालय भवन निमार्ण | ३५०० |
| ३० | साहराघर लाई आवश्यक सहयोग | ५०० |
| ३१ | फोहरमैला व्यवस्थापन | २००० |
| ३२ | नगरपालिका भवन अगाडी नाला व्यवस्थापन | १५०० |
| ३३ | वडा नं. २ र ६ जोड्ने पुल ( क्रमागत ) | २०००० |
| ३४ | शिवशक्ति सामुदायिक वनको भवन निर्माण | ३००० |
| ३५ | वडागत जम्मा बजेट | ९३००० |
| | | ४३३५५० |

## वडागत बजेटको बाड्फाड

| वडा नं. | कुल बजेट | आर्थिक विकास ( ४ ) | सामाजिक विकास ( ४) | वन, वातावरण तथा विदप व्यवस्थापन ( २) | संस्थागत क्षमता विकास ( ५ ) | पूर्वाधार विकास ( ८५) |
|---|---|---|---|---|---|---|
| १ | ११००४००० | ४४०१६० | ४४०१६० | २६३९७ | ५५०२०० | ९३५३४०० |
| २ | ६५१०००० | २६०४०० | २६०४०० | १३०२१ | ३२५५०० | ५५३३५०० |
| ३ | ६२४५००० | २४९८०० | २४९८०० | १२४९२ | ३१२२५० | ५३०८२५० |
| ४ | १००७८००० | ४०३१२० | ४०३१२० | २१७५६ | ५०३९०० | ८५६६३०० |
| ५ | ८०७८००० | ३२३१२० | ३२३१२० | १६१५७ | ४०३९०० | ६८६६३०० |
| ६ | ६०८७००० | २४३४८० | २४३४८० | ११३७५ | ३०४३५० | ५१७३९५० |
| ७ | ५८८१००० | २३५२४० | २३५२४० | ७७६३ | २९४०५० | ४९९८८५० |
| ८ | ८२४१००० | ३२९६४० | ३२९६४० | १६४८४ | ४१२०५० | ७००४८५० |
| ९ | ९५२१००० | ३८०८४० | ३८०८४० | १९८४४ | ४७६०५० | ८०९२८५० |
| १० | ९११७००० | ३६४६८० | ३६४६८० | १८२३५ | ४५५८५० | ७७४९४५० |
| ११ | ५९५१००० | २३८०४० | २३८०४० | १०३०२ | २९७५५० | ५०५८३५० |
| १२ | ६२८७००० | २५१४८० | २५१४८० | १२१७५ | ३१४३५० | ५३४३९५० |
| जम्मा | ९३०००००० | ३७२०००० | ३७२०००० | १८६००० | ४६५०००० | ७९०५०००० |

# क्षेत्रगत बजेट बाडफाडको विवरण

| क्र.सं. | क्षेत्रको नाम | **निशर्त** | | **विशेष** | **समपुरक** | **शसर्त** | **दायित्व** | **कुल जम्मा** | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३३२२०००० | ७।६६ | ० | ० | १३१००००० | | ४६३२००००।०० | ५।१५ |
| २ | सामाजिक विकास | ८५४२३००० | १९।७१ | ० | ० | ३११२१२००० | | ३९६६३५०००।०० | ४४।०७ |
| ३ | पूर्वाधार | १८८२०००००० | ४३।४२ | २६३०००००० | ३४८३६००० | २७५०२००० | ५३५३०६७२ | ३३०३६८६७२।०० | ३६।७१ |
| ४ | वन वातावरण तथा विपद व्यवस्थापन | ११९६०००० | २।७६ | ० | ० | ० | | ११९६००००।०० | १।३३ |
| ५ | सुशासन तथा संस्थागत क्षमता विकास | ११४६५०००० | २६।४५ | ० | ० | ० | | ११४६५००००।०० | १२।७४ |
| ६ | कुल जम्मा | ४३३४५३००० | | २६३०००००० | ३४८३६००० | ३५१८१४००० | ५३५३०६७२ | ८९९९३३६७२ | |

| घोडाघोडी नगरपालिकामा सञ्चालित विभिन्न संघ संस्थाहरुको आ. व. २०७८।७९ का कार्यक्रमहरु | | | |
|---|---|---|---|
| क्र. सं | संघसंस्थाको नाम | योजनाको नाम | विनियोजित रकम रु |
| १ | जनचेतना तथा युवा जागरण मञ्च, नेपाल (फाया नेपाल) | सुआहारा दोश्रो (एकीकृत पोषण) कार्यक्रम | १२१४९१४ |
| २ | निड्स नेपाल | वजारमा आधरित प्राविधीक तथा व्यवसायिक सिप, हाम्रो सम्मान परियोजना, विपद् जोखिम व्यवस्थापन | १३२४३९१ |
| ३ | एसओएस बालग्राम धनगढी | परिवार सवलिकरण कार्यक्रम | ११६७४७६४ |
| ४ | परिवर्तनका लागि कार्यरत युवा समूह, नेपाल ( याक नेपाल) | खाद्य अधिकार सवलिकरण परियोजना | ५७९००० |
| ५ | दिगो विकास समाज | बालबालिकाहरुको पोषण सुधार | ६८१५००० |
| ६ | Zoological Society of London Nepal Chapter (ZSL) | Ghodaghodis' Guardians, Community Restoring a Ramsar Wetland at Watershed Scale (GCRWS) Project | २६४३३२२ |
| ७ | बाल कल्याण संघ टिकापुर | किशोरी परियोजना | १०६७०४६ |
| ८ | बाल कल्याण संघ टिकापुर | सामुदायिक संलग्नता परियोजना | ४१२८०५३ |
| ९ | थारु महिला उत्थान समाज, बर्दिया | | |
| १० | GIZ | | |
| | **जम्मा** | | २९४४६४९० |